गजुरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः १० | मितिः २०८१/११/११

**भाग-२**

**गजुरी गाउँपालिका**

## गजुरी गाउँपालिकाको व्यावसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि - २०८१

**प्रस्तावनाः** गजुरी गाउँपालिकाले आ.व २०८१।२०८२ को नीति तथा कार्यक्रमको क) १.१ को वुदा न. (ढ) मा **कृषि तथा दुग्धजन्य वस्तुको उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने नीति अवलम्वन गरिने छ** भन्ने उल्लेख भएकोले यसका लागि वित्तिय श्रोतको परिचालन गर्दै निर्वाहमुखि पशु पालन प्रणालीलाई आधुनिकिकरण, विविधीकरण र व्यवसायीकरण गरी दुध तथा दुग्ध ब्यावसायमा संलग्न कृषकहरुको आयस्तर वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुर्याउने उद्देश्यले गजुरी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ "ण" को व्यवस्था कार्यन्वयन गर्न दफा १०२ ले दिएको अधिकारलाई प्रयोग गरी गजुरी गाउँपालिकाले यो कार्यबिधि **व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि- २०८१** कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

**१) संक्षिप्त नाम प्रारम्भः**

(क) यस कार्यविधीको नामः **व्यावसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि — २०८१** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा दुध भन्नाले दुधालु गाई/भैंसी को कल्चौडोबाट प्राप्त हुने सेतो तरल पदार्थ जुन विज्ञानले परिभाषा गरे अनुसारको तरल पदार्थलाई संझनु पर्नेछ।

**क) दुध उत्पादक कृषक** भन्नाले यस कार्यविधि अनुसार गजुरी गाउँपालिका क्षेत्र भित्र गाई/भैंसी पालन व्यावसाय गरि दुध विक्रि वितरण गर्ने किसान, कृषि सहकारी संस्था लि., दुध संकलक, वा दुध संकलन केन्द्रलाई सम्झनु पर्दछ ।

**ख अनुदान रकम** भन्नाले यस कार्यविधिको मा उल्लेख गरिएका क्षेत्रहरुमा दुधालु पशुपालन ब्यावसाय गरि उत्पादित दुध मध्ये बजारमा विक्रि वितरण गरिएको दुधको परिमाणलाई सम्झनु पर्दछ । र यसरी विक्रि वितरण गरिएको दुधको लागि प्रतिलिटर रू. ३ का दरले गजुरी गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकमलाई सम्झनु पर्दछ ।

**ग) व्यावसायिक किसान भन्ना**ले दुध उत्पादन, प्रशोधन र बजारीकरण गर्ने गरी गाई, भैसि ,बाख्रा पाल्ने र दुध उत्पादन गर्ने व्यक्ति, समुह, सहकारी वा संस्था समेतलाई सम्झनु पर्दछ

**३) उद्देश्य** : यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ।

(क) अनुदान बितरण नीतिलाई प्रक्रियामुखीबाट परिणाममुखी तर्फ लैजाने।

(ख) दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

(ग) अनुदानको सहि, दक्ष र प्रभावकारी रुपमा बितरण, उपयोग र सदुपयोग गर्ने।

(घ) साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

(ङ) दुधमा आत्मनिर्भर बन्न।

(च) उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउने।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

### ४) कार्यक्रम कार्यन्वयन समितिको गठन

१) दुध उत्पादन अनुदान सम्वन्धि कार्य गर्न देहाय बमोजिमको एउटा **कार्यक्रम कार्यन्वयन समिति** गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) गाउँपालिका उपाध्यक्षः सदस्य

ग) आर्थिक बिकास समिति संयोजकः सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

ङ) लेखा अधिकृतः सदस्य

च) कृषि शाखा प्रमुखः सदस्य

छ) पशु सेवा शाखा प्रमुखः सदस्य सचिव

### ५) कार्यक्रम कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकार

१) यस कार्यबिधिमा संसोधन गर्नुपर्ने भएमा औचित्य र कारण सहित गाउँ कार्यपालिकामा पेश गर्ने।

२) कार्यविधिको कार्यान्वयनको शिलशिलामा कुनै द्विवीधा उत्पन्न भएमा अन्तिम निर्णय गर्ने

३) प्राकृतिक कारण वा दैवी विपत्ति वा विशेष परिस्थितिको अवस्थामा उचित निर्णय गर्ने ।

४) अनुगमन तथा मुल्याङ्कन सम्बन्धि कार्य गर्ने।

५) अनुदान रकमको प्रभावकारिता विषयको स्थलगत अध्ययन अनुगमन गर्ने ।

### ६) दुध तथा दुग्ध पदार्थ संकलक/ डेरी/समुह /सहकारी वा संस्थाको काम, कर्तव्य र अधिकार

(क) कृषकहरुले विक्रिको लागि ल्याएको दुध खरिद गरि लिने र रेकर्डको लागि दैनिक दुध खरिद विक्रि सम्वन्धि रजिष्ट्रर तयार पारी दुरुस्त अभिलेख राख्ने र सम्वन्धित दुध विक्रि गर्ने कृषकहरुलाई पनि दैनिक पासवुकमा भरि दिने ब्यवस्था मिलाउने ।

(ख) दुध खरिदको दैनिक, मासिक, चौमासिक रेकर्ड फाराम तयार पारी सम्वन्धित वडा अध्यक्षबाट प्रमाणित गराई गजुरी गाउँपालिका पशुसेवा शाखामा बुझाउनु पर्ने छ ।

ग) गाउँपालिकाबाट अनुदानको रकम प्राप्त भएपछी सो रकम सम्वन्धित कृषकहरुलाई अगाडी पेश गरेको रेकर्डको आधारमा रकम वितरण गरी सो को भरपाई गराई सम्वन्धित वडाको वडाध्यक्षबाट प्रमाणित गराइ यथासिघ्र गजुरी गाउँपालिका पशु सेवा शाखामा पेश गर्नु पर्ने छ।

## परिच्छेद ३
## कार्यक्रम संचालन प्रक्रिया

**(७) प्रस्ताव आह्वानः** दुध तथा दुग्ध पदार्थ संकलक,डेरी समुह, सहकारी वा संस्था, निजी डेरीहरु दुध बिकि गर्ने कृषकहरुलाई कार्यकममा सहभागी हुन भनि अनुसूची १ बमोजिम १५ दिने सूचना प्रकाशन गर्नु पनेछ।

**(८) प्रस्ताव दर्ताः** दफा ८ बमोजिमको समयावधिमा विभिन्न दुध तथा दुग्ध पदार्थ संकलक, डेरी, समुह, संहकारी वा संस्थाहरूले अनुसूची २ बमोजिम दिएको आवेदन पत्र साथ सम्बन्धित आवश्यक कागजात र वडा सिफारिस पत्र संलग्न गरि गाउँपालिका पशु सेवा शाखामा दर्ता गर्नुपर्ने छ। वडा कार्यालयको सिफारिस तथा कार्यक्रम कार्यन्वयन समितिले आवश्यक पक्रिया पुरा गरी सम्पूर्ण दुध विकि गर्ने कृषकलाई यस कार्यकममा सहभागी गराईनेछ।

**(९) सम्झौताः** अनुदान वितरणको लागि कृषि सहकारी/संकलन केन्द्र/ कृषक समूह छनौट गरी गाउँपालिका संग अनुसूची- ९ बमोजिम सम्झौता गरिनेछ ।

## परिच्छेद- ०४
## आर्थिक पक्ष

क) दैनिक, मासिक र चौमासिक दुध खरिद बिक्रि सम्बन्धि दुध संकलक,डेरी, समुह वा सहकारीबाट प्राप्त वडाध्यक्षबाट प्रमाणित दैनिक/मासिक प्रतिवेदन अथवा कृषक पासबुक अभिलेख (यस कार्यबिधि बमोजिमको अनुसूचि ३,४,५) प्राप्त भएपछी **कार्यक्रम कार्यान्वयन समितिले** आवश्यक निरिक्षण गरि रकम भुक्तानीको लागि सिफारिस साथ गाउँपालिकामा पठाउनु पर्ने छ।

ख) उपलब्ध गराउने अनुदान रकमः कृषकहरुलाई बिक्रीको आधारमा रकम दुध संकलक,डेरी, समुह वा सहकारीको अभिलेखको आधारमा प्रति लि. ३ का दरले रकम उपलब्ध गराईनेछ।

ग) अनुदान रकम सम्बन्धित दुध उत्पादक कृषकको बैंक खातामा सिधै भुक्तानी गरिनेछ ।

घ) कार्यविधि स्विकृत भएको आर्थिक बर्षको सुरू देखि बिक्रि बितरण गरिएको दुग्ध उत्पादनको अभिलेखिकरण कायम गरी अनुदान रकम कृषकहरुलाई उपलब्ध गराईनेछ। साथै कृषक

अभिमुखीकरण तालिम, कृषक पासबुक एवं दुग्ध उत्पादन सम्बन्धित सामग्री बितरण गाउँपालिकाबाट विनियोजित बजेटवाट गरिनेछ।

## परिच्छेद -०५

## विविध

**१०. गुनासो सम्वन्धि व्यवस्थाः** यस कार्यविधीको कार्यन्वयनको क्रममा तोकिए बमोजिम अनुदान रकम प्रवाह नगरेको दुध उत्पादक व्यवसायीले अनुदानको रकम पाएको नपाएको वा अनुदान रकम वितरणमा परेका समस्या लगायतका गुनासो सुन्ने तथा सोको आधारमा आवश्यक काम कारवाहि अगाडी वढाउने कार्य समेत **कार्यक्रम कार्यन्वयन समिति**ले गर्नेछ ।

**११. संशोधन तथा हेरफेर** :गजुरी गाउँपालिका गाउँ कार्यपालिकाले यस कार्यविधीको अनुसुचिमा आवश्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

**१२. अन्यः**

क) यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु **कार्यक्रम कार्यन्वयन समिति**को निर्णय बमोजिम हुनेछ।

(ख) यस गाउँपालिका बाहिरबाट विक्री तथा संकलित दुधको हकमा यस पालिकाबाट प्राप्त गर्ने रकम पाउने छैन।

(ग) कुषकले दुध विक्री गर्दा अनिवार्य रुपमा यस गजुरी गाउँपालिकामा रहेका कानून बमोजिम दर्ता भएका संकलक केन्द्रहरुमा बिकि गरेको हुनु पर्नेछ।

## अनुसूची १.

## संकलक/समुह/सहकारी संस्थाहरुका लागि प्रस्ताव आहानको ढाँचा

प्रथम पटक प्रकाशित मितिः

यस गजुरी गाउँपालिका को आ.व........ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रममा** मा सहभागी हुन ईच्छुक दुग्ध उत्पादक सहकारी, संकलन केन्द्र वा कृषक समुहले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म **व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि - २०८१** अनुरुप कार्यालय समय भित्र प्रस्ताव पेश गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

**संलग्न हुनु पर्ने कागजातहरु तथा सहभागी हुने प्रक्रिया**

१. अनुसुची ३ अनुसारको ढाँचामा निवेदन

२. नागरिकताको फोटोकपी प्रति १

३. कृषक समूह /कृषि सहकारीको हकमा दर्ता/नविकरण प्रमाण-पत्र, पान नम्बर तथा कर चुक्ताको प्रमाण-पत्र प्रतिलिपि र सहकारीको गत वर्षको लेखा परीक्षण प्रतिवेदन ।

४. संकलन केन्द्रको हकमा ब्यापारिक फार्म दर्ता प्रमाण-पत्र, पान नम्बर तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि

५. समुह/ सहकारीको हकमा निर्णयको प्रतिलिपि

६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र

७. दुग्ध खरिद बिक्रिको विवरण (दैनिक तथा मासिक)

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची २.**

**संकलक/समुह/सहकारी संस्थाहरुमा दुध वितरण गरिरहेको किसानलाई निवेदन आहानको ढाँचा**

प्रथम पटक प्रकाशित मिति..

यस गजुरी गाउँपालिका को आ.व........ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रममा** मा सहभागी हुन दुग्ध उत्पादक सहकारी, संकलन केन्द्र वा कृषक समुहमा दुध बिक्रिबितरण गर्दै आउनु भएको कृषकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म **व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि - २०८१** अनुरुप कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा देहाय बमोजिमको कागजात सहित निवेदन पेश गर्नु हुन आव्हान गरिन्छ।

**संलग्न हुनु पर्ने कागजातहरु तथा सहभागी हुने प्रक्रिया**

१. अनुसुची ४ अनुसारको ढाँचामा  निवेदन

२. नागरिकताको फोटोकपी प्रति १

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३
## दुध विक्री गर्ने कृषक/समुह/ निजि डेरी संकलक व्यक्ति/सहकारी संस्थाले दिने आवेदन पत्रको-ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति
गजुरी गाउँ कार्यपालिकाको कार्यालय,
गजुरी, धादिङ

विषय :- कार्यकममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा मिति.....................प्रकाशित सूचना अनुसार अनुसार **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रममा** सहभागी हुन चाहेकोले सो प्रयोजनका लागि तपशिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरि आवेदन पेश गरेका छौ।

तपसिलः

(१) कूल सदस्य संख्याः
(२) कुल सदस्य मध्ये दूध उत्पादक सदस्य संख्याः
(३) यस आ.व. वर्ष कूल दूध संकलन लि.(औषत दैनिक)
(४) यस वर्ष दूध कारोवार गरेको दिन अंकमा
(५) यस वर्ष कूल अधिकतम दूध संकलन
(६) यस वर्ष कूल न्यूनतम दूध संकलन
(७) संस्थावाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः
(क)
(ख)
(ग)
(८) दूध विक्री गरेको प्रमाण सम्बन्धी कागजात (संलग्न गर्नुपने)
(९) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)
(१०) जम्मा संकलन केन्द्र संख्या :-
(११) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएको :-
(१२) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेकोः-
(१३) मिल्क एनालाईजरको प्रयोग भएको/नभएकोः-
(१४) सम्वन्धित वडा कार्यालयको सिफारिस (संलग्न गर्नुपर्ने)

(१५) दुध विविधिकरण र विक्री वितरण गरेको/नगरेको :-

गरेको भए :-

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ

(ख) दैनिक औषत परिमाण.

(ग) विक्री गर्ने बजार/स्थल

(१६) समुह/सहकारी दर्ता/नविकरणको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(१७) कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने)

(१८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड (संलग्न गर्नुपर्ने)

(१९) कर चुत्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(२०) दुध विक्रेता सदस्यको वीत्तिय/सहकारी संस्थामा रहेको खाताको विवरणः

| क्र.सं. | नामथर | ठेगाना | बैङ्क विवरण | खाता नं |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदक

नामथरः

ठेगांनाः

सम्पर्क नः

सही छापः

## अनुसुचि ४

## कृषकले/समुह/ निजि डेरी संकलक व्यक्ति/सहकारी संस्थामा विक्रीवितरण गरिरहेको कृषकले दिने आवेदन पत्रको-ढाँचा

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गजुरी गाउँ कार्यपालिकाको कार्यालय,
गजुरी , धादिङ

विषय :- कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा मिति....................प्रकाशित सूचना मैले गजुरी गाउँपालिका वडा नं .....  अन्तर्गतमा रहेको ..................................................................... दुध बिक्री गर्दै आएकोले **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रममा** मा, सहभागी हुन चाहेकोले सो प्रयोजनका लागि तपशिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरि आवेदन पेश गरेका छु।

आवेदक
नामथरः
ठेगांनाः

# अनुसुची ५

## कृषक पासबुक

गजुरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

डेरी/समुह/सहकारीको को नामः

कृषकको नामः ठेगानाः फोन नं

नागरिकता नः

| मिति | बिहानको दुध (लि) | फ्याट % | कृषकको दैनिक हस्ताक्षर | मिति | बिहानको दुध (लि) | फ्याट % | कृषकको दैनिक हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

कृषकको सहिः दुध संकलकको सहिः वडाध्यक्षको सहि

मिति मिति मिति

## अनुसुची ६

## दैनिक रेकर्ड फारम

मितिः

दैनिक दुध खरिद विक्री (उत्पादन) रेकर्ड फारम

| क.सं | कृषकको नाम थर | ठेगाना | दुधालु पशु संख्या | | दैनिक दुध उत्पादन लि. | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | गाई | भैसी | विहान | बेलुका | जम्मा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

दुध खरिद गर्ने : समुह/सहकारी/व्यक्तिको सहीः

नाम

ठेगानाः

संस्थाको छाप

प्रमाणित गर्ने वडा अध्यक्षको सही

नाम थर

# अनुसुची ७

## मासिक रेकर्ड फारम

मिति

मासिक दुध खरिद विक्री/(उत्पादन) रेकर्ड फारामः

| क्र.सं | कृषकको नाम थर | ठेगाना | गते १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | .. | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

दुध खरिद गर्नेः समुह/सहकारी/व्यापारी व्यक्तिको नामः

सहीः

नामः

ठेगानाः

संस्थाको छापः

प्रमाणित गर्ने वडा अध्यक्षको सही

नाम थरः

## अनुसुची ८
## दुध खरिद विक्री गर्ने समुह, सहकारी संस्था वा व्यक्तिले गाउँपालिका समक्ष अनुदान रकम माग गर्दा लेख्ने निवेदनको नमुनाः

मितिः .............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गजुरी धादिङ।

**विषयः अनुदान रकम उपलब्ध गराई पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा सादर निवेदन यो छ कि मैले / हाम्रो संस्थाले गजुरी गाउँपालिका वार्ड नं. ... अन्तर्गत कृषकहरुबाट दुध संकलन गरि दुध विक्री वितरण गर्दै आएको र मितिः २ / / गते देखि मितिः / / गते सम्म....... महिनामा .........जना कृषकहरुबाट...... लिटर दुध खरिद गरि विक्रि वितरण गरेको रेकर्ड समेत वडा अध्यक्षबाट प्रमाणित गराई यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु । गजुरी गाउँपालिकाले दुध उत्पादक कृषकहरुलाई प्रतिलिटर रु......का दरले अनुदान रकम दिने कार्यक्रममा उल्लेख भए अनुसार .......लिटर दुधको जम्मा रु. ..................अक्षरुपी रु. .................. ......................मात्र ....................................... को नाममा निकासा गरी दुग्ध उत्पादक कृषकहरुलाई अनुदान रकम वितरण कार्यमा सहयोग गरि दिनहुन सादर अनुरोध गर्दछु ।

निवेदक
नामथरः
ठेगानाः
सही छापः...............

पुनश्चः उक्त रकम सम्बन्धित कृषकहरुलाई बुझाइ सो को भरपाई फाराम ७ दिन भित्र पेश गर्ने छु ।

## अनुसुचि ९
## अनुदान रकम माग गर्दा कृषकले लेख्ने निवेदनको नमुना

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
गजुरी , धादिङ

विषय अनुदान रकम उपलब्ध गराई पाउँ।

महोदय

प्रस्तुत विषयमा गजुरी गाउपालिकाले दुध विकि गर्ने कृषकहरुलाई प्रति लि रु........ का दरले अनुदान रकम दिने भन्ने नीति तथा कार्यक्रम अनुसार, मैले गजुरी गाउँपालिका वडा नं ..... अन्तर्गतमा रहेको .........................................................................मा मिति .........................देखि मिति..........................गते सम्म दुध बिक्री गर्दै आएकोमा कुल......... लि बिक्री गरेको र बिक्रि दुधको अनुदान रकम जम्मा रू..................... (अक्षेरुपि : रु. ..........................................हुन आएकोले दुध बिकि रेकर्ड यसै निवेदन साथ संलग्न गरी पठाएको हुँदा त्यस कार्यालयबाट वितरण हुने अनुदान रकम उपलब्ध गरईदिनुहुन अनुरोध गर्दछु।

निवेदकः
नामथरः
ठेगांनाः
सही छापः
खाताः

## अनुसूची -१०

## उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नका लागि सहकारी संस्था /संकलन केन्द्र/समुह र गजुरी गाउँपालिका बिच भएको सम्झौता पत्र

गजुरी गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीकरण र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि पहिलो पक्ष भनिने गजुरी गाउँपालिका र दोश्रो पक्ष भनिने........................ कृषि सहकारी संस्था तथा कृषक समूह विच तपशिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौ/दियौ ।

सम्झौताका शर्तहरु

१. कृषि सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले दुग्ध बिक्रि बितरणसम्बन्धी विवरणको अभिलेख तोकिएको ढाँचामा ( अनुसुची ६, ७) राख्नुपर्नेछ।
२. कृषि सहकारी संस्था /संकलन केन्द्र तथा कृषक समूहले दैनिक कारोबारको अभिलेखिकरण राखनुपर्नेछ ।सो को प्रमाणित समेत गर्नुपर्नेछ ।
३. अनुदान रकम भुक्तानीको निम्ति दुग्ध विक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजात सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहले प्रमाणित गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।
४. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा पेश भएको बिक्री कारोबारको अभिलेख र अन्य आवश्यक कागजातको आधार मानी व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रिमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि २०८१ बमोजिम तोकिएको अनुदान रकम सम्बन्धित कृषकको बैंक खातामा सिधै भुक्तानी गरिनेछ ।
५. सहकारी संस्था/संकलन केन्द्र तथा कृषक समूहद्वारा राखिएको खरिद विक्री र मूल्यको अभिलेखिकरण गलत वा झुट्टा ठहरिएमा सो सहकारी संस्था/संकलन केन्द्र/कृषक समूहलाई पालिकाद्वारा प्रचलित कानून बमोजिम कार्बाहि गरी सम्झौता बदर गरि कालोसूचीमा राखिनेछ ।
६. यस सम्झौतामा उल्लेख भएका व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| छाप : | छाप : |

**आज्ञाले,**
**होम बहादुर राउत**
**प्रमुख प्रशासकीय अधिकृत**